# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पुथा उत्तरगंगा गाउँपालिका

रुकुम (पूर्वी भाग)




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पुथा उत्तरगंगा गाउँपालिका
### रुकुम (पूर्वी भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ९७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पुथ उत्तरगंगा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम पूर्व ।

**कैफियत सहितको राय**

हामीले पुथउत्तरगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५करोड २६ लाख ९४हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७० लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६० लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८३लाख ११ हजार र पेश्की रू.१२ लाख ७५हजार रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्म रु.३३करोड ५६ लाख १४हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३८ करोड ८३लाख ८ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

पुथ उत्तरगंगा गाउँलिका, रुकुम पूर्व

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३५ | ११३ | ५२६९४ | ० | ० | ० | ३५ | ११३ | ५२६९४ | ७०३६ | १८३११ | २६०७२ | ० | ० | ४४३८३ | १२७५ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | नभएको | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पुथ उत्तरगंगा गाउँपालिका, रुकुमकोट | ३३५६१४ | ० | ० | ३३५६१४ | ० | ५२६९४ | ३८८३०८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पुथ उत्तरगँगा गाउँपालिका, रुकुमकोट , पुथा उत्तरगंगा गाउँपालिका , रुकुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वशिष्ट नारायण यादव | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज खड्का | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५२,६९४,१६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,४९,९८,९८७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,७०,७५,००० | **चालु खर्च** | ३४,५१,६६,१६९.६६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४६,६८,००० | **पूँजीगत खर्च** | १३,५३,८८,२५९.८ |
| **राजश्व बाँडफाँट** | ८,४२,५७,६३७.५५ | **वित्तीय/अन्य व्यवस्था** | १५,०४,६४,१९९.४९ |
| **आन्तरिक आय** | १,८३,२७२.८ | | |
| **अन्य आय** | १२,४९,८४,८४१ | | |
| **कुल आय** | ६३,११,६८,७५१.३५ | **कुल खर्च** | ६३,१०,१८,६२८.९५ |
| **बाँकी मौज्दात** | | १,५१,४९,१०९.४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १४ वडा, ७५ सभा सदस्य, ५६०.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार जनसंख्या १८९५४ जना रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणः उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br><br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षण सिमाःलेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप नेम्स (नेपाल अडिट मेनेजमेन्ट सिष्टम) मार्फत छनौट गरीएका आधारमा वित्तिय विवरण र सो संग सम्वन्धित कागजात परीक्षण गरिएको छ। वेभ वेस्ड प्रतिवेदन जारी गरीएको हुदा प्रतिवेदन प्रस्तुतीमा समेत सो को प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिनेछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आय व्यय<br><table>
<tr><th rowspan="2">सि. नं.</th><th colspan="3">आय तर्फ</th><th rowspan="2">सि. नं.</th><th colspan="3">व्यय तर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>1</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>14998987.00</td><td>1</td><td>चालु खर्च</td><td></td><td>3345166169.7</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको नगद मौज्दात संचित कोष | 14998987.00 | | | पुथा उत्तरगंगा गाउँपालिका | 130860129.7 | | |
| | | | 2 | राजश्व (आन्तरिक आय) | | 84440910.35 | | संघीय सरकारबाट हस्ताणतरित कार्यक्रम | २०९१०६९५९.९६ | | |
| | | | | आन्तरिक राजश्व आम्दानी | 183272.8 | | | प्रदेश सरकारबाट हस्ताणतरित कार्यक्रम | 5199080.00 | | |
| | | | | बाँडफाँडबाट प्राप्त आम्दानी | 0 | | | अन्य | 0 | | |
| | | | | राजश्व बाँडफाँडबाट संघबाट प्राप्त | 79359157.30 | | 2 | पूजिगत खर्च | | 135388259.8 | |
| | | | | राजश्व बाँडफाँडबाड प्रदेशबाट प्राप्त | 4898480.25 | | | पुथा उत्तरगंगा गाउँपालिका | 81414184.55 | | |
| | | | | विभाज्य कोष खाता | 0 | | | संघीय सरकारबाट हस्ताणतरित कार्यक्रम | 40468075.25 | | |
| | | | | गत बर्षको नगद मौज्दात | 0 | | | प्रदेश सरकारबाट हस्ताणतरित कार्यक्रम | 13506000 | | |
| | | | 3 | वित्तिय हस्तान्तरण संघ | | 387075000.00 | | अन्य | 0 | | |
| | | | | वित्तिय समानिकरण | 107800000.00 | | 3 | विविध कोषहरु तर्फ खर्च | | 3340128.70 | |
| | | | | सशर्त अनुदान | 260175000.00 | | | सूत्रमा ईन्ट्री गर्न बाँकी खर्च | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समपुरक अनुदान | 0.00 | | | पुथा उत्तरगंगा गाउँपालिका प्रकोप व्यस्थापन खाता | 3340128.70 | | |
| | | | | विशेष अनुदान | 19100000.00 | | 4 | धरौटी खाता | | 13591065.00 | |
| | | | 4 | वित्तिय हस्तान्तरण प्रदेश | | 34668000.00 | | धरौटी फिर्ता तथा सदरस्याहा | 4904100.00 | | |
| | | | | वित्तिय समानिकरण | 5124000.00 | | | धरौटी खाताको बैक मौज्दात | 8686965.00 | | |
| | | | | सशर्त अनुदान | 8544000.00 | | 5 | यस वर्षको मौज्दात बाँकी | | 6462144.36 | |
| | | | | समपुरक अनुदान | 15000000.00 | | | पुथा उत्तरगंगा गाउँपालिका संचित कोष खाता | 6462144.36 | | |
| | | | | विशेष अनुदान | 6000000.00 | | 6 | अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ खर्च र फिर्ता | | 111393776.00 | |
| | | | 5 | अन्तर सरकारी हस्तान्तरण संघ | | 111393776.00 | | सामाजिक सुरक्षा तथा संरक्षण | 90354778.00 | | |
| | | | | सामाजिक सुरक्षा तर्फ आय | 91393776.00 | | | एकिकृत स्वास्थेय पूर्वाधार विकास कार्यक्रम | 2776570.00 | | |
| | | | | गरिवसँग विशेश्वर कार्यक्रम | 0.00 | | | फिर्ता | 18262428.00 | | |
| | | | | स्थानीय पूर्वाधार साझेदारी | 0.00 | | | | | | |
| | | | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 20000000.00 | | 7 | अनुदान फिर्ता रकम | | 30826194.79 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| 7 | विभिन्न कोषतर्फको आय | | 0.00 | | संघीय अनुदान फिर्ता | 29699964.79 | |
| | गत वर्षको नगद मौज्दात विविध कोष खाता | 0.00 | एममुष्ट संचित कोषमा हिसाब भएको | | प्रदेश अनुदान फिर्ता | 1126230.00 | |
| | गत वर्षको नगद मौज्दात प्रकोप व्यवस्थापन कोष खाता | 0.00 | | | अन्य फिर्ता | 0.00 | |
| | गत वर्षको नगद मौज्दात आकस्मिक कोष खाता | 0.00 | | 4 | | | |
| | गत वर्षको नगद मौज्दात विविध खर्च खाता | 0.00 | | | | | |
| 8 | विविध कोषहरु तर्फ यस वर्षको आय | | 0.00 | | | | |
| | विविध कोष खाता | 0.00 | अनुदानबाटै प्राप्त भएको | | | | |
| | प्रकोप व्यवस्थापन कोष खाता | 0.00 | | | | | |
| | आकस्मिक कोष खाता | 0.00 | | | | | |
| | विविध खर्च खाता | 0.00 | | | | | |
| 9 | जनसहभागिता नगद | | 0.00 | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10 | धरौटी आय | | 13591065.00 | | | | |
| | धरौटी खाता गत वर्षको मौज्दात | 7782845.00 | | | | | |
| | धरौटी यस वर्षको आय | 5808220.00 | | | | | |
| जम्मा | | | 646167738.35 | 8 | जम्मा | | 646167738.35 |

५

**अन्तरसरकारी अख्तियारीः विनियोजन तर्फ**

| बजेट उपशीर्षक | वार्षिक बजेट | निकासा | खर्च | खर्च मध्ये पेस्की |
|---|---|---|---|---|
| ३७०००११६४ | २०००००००० | २७७६५७० | २७७६५७० | |
| ३१४०१०१२३ | ९१३९३७७६ | ९०३५४७७८ | ९०३५४७७८ | |
| **जम्मा** | १११३९३७७६ | ९३१३१३४८ | ९३१३१३४८ | |

**राजश्वतर्फ**

| क.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | नगद | |
| १ | ० | ० | ० | ० | ० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तिय विवरण विश्लेषणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br><br>पालिकाले सवै कारोवारको हिसाव सुत्र प्रणाली मार्फत राख्नु पर्नेमा अन्तर सरकारी अख्तियारीबाट प्राप्त रकम, विभिन्न कोष तथा धरौटी कारोवारको हिसाव सुत्र प्रणाली मार्फत नराखेको । सुत्र प्रणालीबाट सृजना हुने वित्तिय प्रतिवेदन म ले प फाराम २७२ र असार २१ पछि विद्युत तथा ईन्टरनेट अवरुद्ध भई सुत्र सन्चालन हुन नसकेको भनि सूत्र वाहिरबाट कारोवार गरेको रकमलाई समावेश गरी एकिकृत आय व्यय विवरण तयार गरेको र उक्त आय व्यय विवरण प्रमाणित गरी लेखापरीक्षणको लागि पेश गरेको छ। पालिकाले सवै कारोवार सुत्र प्रणालीमा प्रविष्ट गरी वित्तिय प्रतिवेदन तयार गर्नु पर्दछ ।<br>पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा उल्लेख भए अनुसार बैक अनुसार संचित कोष बाँकी रु ६४६२१४४.३६ र धरौटी बाँकी रु ८६८६९६५। समेत वर्षान्तमा बाँकी मौज्दात रु १५१४९१०९.३६ देखिएको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>लेखापरीक्षण क्रममा असुलीः लेखापरीक्षण को दौरानमा संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम र असुल गर्नुपर्ने रकम सम्वन्धित निकायमा रकम फिर्ता दाखिला गरेको पाइयो ।<br><br><table><tr><th>सि. न.</th><th>मिति</th><th>रकम</th><th>फिर्ता पठाएको</th></tr><tr><td>१</td><td>२०७९।५।२६</td><td>११२६२३०</td><td>प्रदेश ससर्लेत फिर्ता गर्न वाकी रकम प्रदेश संचित कोष फिर्ता</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>२०७९।५।२६</td><td>२९६९९९६५</td><td>संघीय ससर्त फिर्ता गर्न वाकी रकम संघीय सञ्चित कोष फिर्ता</td></tr>
<tr><td>३</td><td>२०७९।५।२६</td><td>१००००००</td><td>सामाजिक सुरक्षा भत्ता वितरण भर्पाइ भन्दा वढी पेश्की फछ्र्यौट रकम वेरुजु दाखिला</td></tr>
<tr><td>४</td><td>२०७९।६।२</td><td>८५००००</td><td>सामाजिक सुरक्षा भत्ता वितरण भर्पाइ भन्दा वढी पेश्की फछ्र्यौट रकम वेरुजु दाखिला</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२६७६१९५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदानको उपयोगःसार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी अनुदान खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु १४९८४२५ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
चौमासिक पूंजिगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । कार्यालयले उपलव्ध गराएको देहायको विवरण अनुसार तेश्रो चौमासिकमा ६६ प्रतिशत र असारमा मात्र ३९.६ प्रतिशत पुजिगत खर्चको गरको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td></td><td>कूल खर्चः</td><td>१३५३८८२५९.८०</td><td>१२१८४</td><td>३३८४७</td><td>८९३५६</td><td>५३६१३</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>९</td><td>२५</td><td>६६</td><td>३९.६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
क्षेत्रगत वजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४८०४९०००</td><td>४८०८५२००७.०७</td><td>८.४३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३०३४९८५००.०४</td><td>२७९१३३६०२.२०</td><td>५७.५९</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१०४२१८९९९.९६</td><td>९६९३१०२७.९४</td><td>२०.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>८६०००००</td><td>८५०११२०.७३</td><td>१.७५</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६४८६८८००</td><td>५९२६६०४६.१२</td><td>१२.२३</td></tr>
<tr><td>जम्मा</td><td>५२९२३५३००</td><td>४८४६८३८०४.०६</td><td>१००</td></tr>
</table>
माथि उल्लेखित विवरण अनुसार पालिकाको सभाबाट विनियोजित बजेट मध्ये कुल खर्चको तुलनामा सवै भन्दा बढी सामाजिक क्षेत्रमा ५७.५९ प्रतिशत र सवै भन्दा कम वित्तिय व्यवस्थन र सुशासनमा १.७५ प्रतिशत खर्च रहेको देखिन्छ ।अत पालिकाले एकिकृत समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरीक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>विद्यालयगत निकासाःआर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यो वर्ष गाउँपालिकाले देहायका संस्थालाई विभिन्न कार्यक्रम संचालन गरेको भनि सम्वन्धित संस्थाले विल भर्पाई राखि रकम उपलव्ध गराई दिन अनुरोध गरेको आधारमा गाउँपालिकावाट तोकुवा निर्णय गरी विभिन्न संघ संस्थालाई रकम वितरण गरेको पाइयो । उपलव्धि मापन गर्न नसकिने यस्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । केहि उदाहरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोश्वरा भौचर</td><td>संस्थाको नाम</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>११९-०७९।३।८</td><td>हिमालय श्रृंखला चौरी युवा क्लव</td><td>कार्यक्रम सहयोग</td><td>१९२०००</td></tr>
<tr><td>१६२-०७९।३।२४</td><td>कान्छावारा फुटवल क्लव</td><td>दशै तिहार कप</td><td>५०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
सुत्र वाहिर कारोवार<br><br>
सव नेशनल ट्रेजरी रगुलाटोरी एपलिकेसन (सुत्र) प्रयोग गरी लेखा राख्नुपर्नेमा पलिकाले निम्नानुसार कारोवार सुत्र वहिर गरेको देखियो । आषाढ महिनामा अत्यधिक पानी परी विद्युत र इन्टरनेट अभावका कारण सुत्र वाहिर कारोवार गरेको कर्यालयको भनाइ छ ।
<table>
<tr><td>सि नं</td><td>खर्च शिर्षक</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>संघीय हस्ताण्तरित चालु</td><td>८६३९७६१।६०</td><td></td></tr>
<tr><td>२</td><td>संघीय हस्ताण्तरित पुँजीगत</td><td>८६२३५५५।००</td><td></td></tr>
<tr><td>३</td><td>प्रदेश हस्ताण्तरित चालु</td><td>२०५९९९९।००</td><td></td></tr>
<tr><td>४</td><td>प्रदेश हस्ताण्तरित पुँजीगत</td><td>४७९१०००।००</td><td></td></tr>
<tr><td>५</td><td>गाउँकार्यपालिका चालु</td><td>१०७०३७७७।००</td><td></td></tr>
<tr><td>६</td><td>गाउँकार्यपालिका पूजिगत</td><td>४६४९९०४।००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९४६७९९६।६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>समपुरक योजना</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>लुम्विनि प्रदेश सरकारबाट स्विकृत प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७८ अनुसार समपुरक कोष बाट संचालित कार्यक्रम आयोजना संचालन गर्दा कुल खर्चको ५० प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत स्थानिय तहले श्रोत जुटाउनु पर्ने उल्लेख छ । त्यस्तै</td><td>१६,५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यविधिको दफा १२(२) मा आयोजना तथा कार्यक्रमको ठेक्का प्रकृया सार्वजनिक खरिद सम्वन्धि प्रचलित कानुन बमोजिम गर्नु पर्ने उल्लेख छ । यो वर्ष पालिकाले देहायका ६ वटा योजना प्रदेश समपुरक कोष बाट संचालन भएकोमा निर्देशिकामा उल्लेख भए अनुसार उक्त कार्यक्रम ठेक्का प्रकृयाबाट नगरि कुल लागतको ५० प्रतिशत प्रदेश समपुरक कोषबाट र ५० प्रतिशत रकम गाउँपालिका बाट व्यहोर्ने गरि उपभोक्ता समिति मार्फत गराएको र उपभोक्ता समितिले हेभि ईक्वूपमेण्ट प्रयोग गरी निर्माण कार्य गराएको ति उपभोक्ता समितिले पेश गरेको फाँटवारीबाट देखियो । उपभोक्ता समिति मार्फत निर्माण कार्य भएका ति योजनाको प्राविधिकबाट मुल्यांकन भई उपभोक्तालाई भुक्तानी गर्नुपर्ने रकम मध्धे ५ वटा योजनामा प्रदेश समपुरक कोषबाट प्राप्त रकम मात्र भुक्तानी गरि गाउँपालिकाबाट व्यहोरिने अंश वजेट अभाबको कारण भुक्तानी गर्न नसकि आगामी वर्षको लागि दायित्व सारि भुक्तानी बाँकी राखेको देखियो । यसरी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि विपरित आफुले व्यहोर्ने श्रोत समेत सुनिस्चित नगरी निर्माण कार्य ठेक्का प्रकृयाबाट नगराई उपभोक्ता समिति मार्फत गराउने कार्य नियम संगत देखिएन । रु
<table>
<tr><th>भौचर नं</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११४</td><td>पद्मि त्रिवेणी सडक निर्माण</td><td>२४०००००</td></tr>
<tr><td>१६६</td><td>कारस्ता खारखोला चारगाउँ सडक</td><td>२३०००००</td></tr>
<tr><td>१७१</td><td>ओखमा त्रिवेणी सडक खण्ड</td><td>२३०००००</td></tr>
<tr><td>१७३</td><td>सुनपानी गुफा संरक्षण</td><td>२३०००००</td></tr>
<tr><td>१(सूत्र वाहिर)</td><td>कारस्ता खारखोला हुंदै चारगाउँ जोड्ने सडक</td><td>४८०००००</td></tr>
<tr><td>२(सुत्र वाहिर)</td><td>नाहरखोला सिंचाई योजना</td><td>२४०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७८। ७९ को लागि विभिन्न निर्माण कार्यको दर विश्लेषण तयार गरि स्विकृत गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र सोहि दरका आधारमा निर्माण कार्यको भुक्तानी गर्नु पर्दछ । पालिकाले यो वर्ष अर्डिनरी रक कट्टिङ्ग को दर रु १३९.३९, मिडियम रक कटिङ्ग को दर रु ३४८.४९ , हार्ड रक कटिङ्ग को दर रु ६९६.९७ स्विकृत गरेकोमा माथि उल्लेख भएका देहायका योजनामा उपभोक्ता समितिबाट भएको कामको नापी किताव ठेक्का विल तथा कार्य सम्पन्न प्रतिवेदनमा अर्डिनरी रक कट्टिङ्ग मा मिडियम रक कटिङ्ग को दर र मिडियम रक कटिङ्ग मा हार्ड रक कटिङ्ग को दर राखि नापी तथा ठेक्का विलमा चढाएको देखियो । उक्त फरक दर राखेको सम्वन्धमा सम्वन्धित साईड हेर्ने प्राविधिकले सो दर फरक नपरेको नापी किताव ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा चढाउँदा कपि पेष्ट गर्दा हार्ड रक कटिङ्ग हुनुपर्नेमा मिडियम रक कटिङ्ग भएको र मिडियम रक कटिङ्ग हुनुपर्नेमा अर्डिनरी रक कट्टिङ्ग भएकोले खन्ने कामको विवरण मात्र फरक परेको दर फरक नपरेकोले उपभोक्तालाई बढी भुक्तानी नभएको भनाई रहेको छ । सो सम्वन्धमा पालिकाले देहायका योजनाको सडक खन्ने कामको पुन नाप जाँच गरि अर्डिनरी रक कट्टिङ्ग, मिडियम रक कटिङ्ग र हार्ड रक कटिङ्ग परिमाण एकिन गरि बढी परिमाण तथा दररेट राखि भुक्तानी गरेको भए भुक्तानी दिन बाँकी दायित्वमा राखेको रकमबाट भुक्तानी दिनु अघि असुल गरेर मात्र भुक्तानी दिनु पर्दछ । | |

| गोश्वरा भौचर | उपभोक्ता समिति | कामको विवरण | परिमाण | भुक्तानी दर | फरक रकम |
|---|---|---|---|---|---|
| ११४ | पञ्चि त्रिवेणी सडक निर्माण उ स | अर्डिनरी रक कट्टिङ्ग, | ११५३.१० | ३४८.४९ | २४१११३ |
| | | मिडियम रक कटिङ्ग | ३५६०.९३ | ६९६.९७ | १४८२०२५ |
| १६६ | कास्तरा खारखोला चारगाउँ सडक निर्माण उ स | अर्डिनरी रक कट्टिङ्ग | ३१९९.६४ | ३४८.४९ | ६६९०४४ |
| | | मिडियम रक कटिङ्ग | ५४३२.६२ | ६९६.९७ | १८९३१५९ |
| १७१ | ओखमा त्रिवेणी सडक खण्ड निर्माण उ स | अर्डिनरी रक कट्टिङ्ग | १०४४.९२ | ३४८.४९ | २१८४९२ |
| १(प्रदेश समपुरक सुत्र वाहिर काटेको भौचर) | काँस्तरा खारखोला हुंदै चारगाउँ जोड्ने सडक खण्ड ख निर्माण उ स | अर्डिनरी रक कट्टिङ्ग | ४११२.९८ | ३४८.४९ | ८५९८९८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८</td><td>डिमुर गैरा खारवाङ अर्जल सडक निर्माण उ स</td><td>अर्डिनरी रक कट्टिङ्ग</td><td>५५८४.५९</td><td>३४८.४९</td><td>११६७७३८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४१३९२८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>वजेट पेश पारित तथा अख्तियारीःस्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री ओम कुमारी शाही मल्लले २०७८।०३।१० गते रु. ४६ करोड ३९ लाख ८४ हजार ३ सय रुपैंयाको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खर्च विश्लेषणःपालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु १५१८२२५९।८० एवम् राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रु ५१०८७१४३४।७५ गरी जम्मा रु ५२६०५३६९४।५५ अक्षेरुपी रुपैंया बाउन्न करोड साठी लाख त्रिपन्न हजार छ सय चौरानब्बे पैसा पचपन्न मात्र आम्दानी भएकोमा चालु तर्फ रु ३९१२०५४३४।७५ र पूँजिगत तर्फ रु १३४८४८२५९।८० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा-३।११ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १२५९४००० खर्च भएको छ जुन आन्तरिक आयको ८३।४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४।३६ प्रतिशत चालु र २५।६४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>७</td><td>३५००००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>४३</td><td>९६०००००</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३८</td><td>२३६०००००</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२३</td><td>५३८०००००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>६</td><td>३००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
कोभिड १९ आ.व २०७८।७९ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>०</td><td>राहत वितरण</td><td>४५००००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>४००००००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>१५००००</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>०</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>१६६४७५९</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>खोप कार्यक्रम खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>३४५६७१</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>७२९६९८।७</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>६५९८७१।३</td></tr>
<tr><td>जम्मा</td><td>४००००००</td><td></td><td>४००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>अवन्णा वजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५५ लाख ५० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पुँजीगत तर्फ खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>रसिद ठेली प्रयोगः पालिकाले छपाई गरी प्राप्त भएको नगदी रसिद ठेली कुन वडामा के कति वितरण भयो सो को हिसाव रसिद नियन्त्रण खाता राखु पर्दछ । पालिकाले रसिद नियन्त्रण खाता राख्ने गरेको देखिएन । साथै वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत संलग्न गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको नगदी रसिद फिर्ता लिनु पर्दछ । पालिकाले वितरण भएका सवै रसिद वर्षान्तमा प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला गरेको सुनिस्चित गर्नुपर्नेमा वडा कार्यालय र पालिकामा विभिन्न कर्मचारी लाई वुझाइएका नगदी रसिद आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई नगदी रसिदबाट प्राप्त आम्दानी एकिन नगरेको हुँदा नगदी रसिदबाट प्राप्त सम्पुर्ण आम्दानी दाखिला भएको सुनिस्चित गर्न सकिएन । त्यसैले पालिकाले नगदी रसिद ठेली आम्दानी खर्च र बाँकी स्पष्ट देखिने गरी अभिलेख राख्न र वितरण गरिएका सवै नगदी रसिद ठेली आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई सवै रसिदको आम्दानी र दाखिला भिडाई नगदी रसिदबाट प्राप्त आम्दानी राजश्व दाखिला गरेको सुनिस्चित गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २३ | | | ✓ **आन्तरीक नियन्त्रण प्रणाली:**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>✓ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३४ ऐन, ९ नियमावली, ३७ कार्यविधि ८ निर्देशिका र १६ नर्म्स समेत १०४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>✓ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>✓ संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>✓ निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>✓ पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>✓ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>✓ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>✓ स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ✓ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>✓ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>✓ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>✓ स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>✓ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइयो ।<br>✓ वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४ | | | **जिन्सीी समान फिर्ता नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०३ मा कुनै कर्मचारी लामो विदामा वस्दा वा अन्य कुनै कारणले आफ्नो कार्यालय छोडि जाँदा आफ्नो जिम्मामा रहेका नगद तथा जिन्सी सामान हालवाला कर्मचारी वा सो कर्मचारी नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बुझाउनु पर्ने उल्लेख छ । सोहि नियमको उपनियम ४ मा यसरी कार्यालय छोडि जाने कर्मचारीले आफ्नो जिम्माको नगदी तथा जिन्सी सामान नबुझाएमा कार्यालयले त्यस्तो सामानको मुल्य वरावर सम्वन्धित कर्मचारीबाट असुल उपर गरिने उल्लेख छ । यो वर्ष पालिकाबाट सरुवा तथा अवकास भैगएका देहायका कर्मचारी तथा पदाधिकारीहरुको | ३८७,४७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नाममा देहायका जिन्सी सामान बाँकी देखिएकोले उक्त सामान फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सामान बरावरको रकम सम्वन्धित बाट असुल हुनु पर्दछ रु | |
| २५ | | | **सुरक्षित नागरिक आवासः** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को दफा ५(४) मा लाभग्राहीले सम्वन्धित स्थानिय तहले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्ने र सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भएका लाभग्राहीले कार्य सम्पन्न गरि प्राविधिकले योजना सम्पन्न प्रतिवेदन दिएपछि स्थानिय तहले लाभग्राहीको खातामा अनुदान बापतको रकम उपलव्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले केहि लाभग्राहीको बैंक खातामा रकम जम्मा गरेको, केहि लाभग्राहीको नाममा चेक काटी भुक्तानी दिएको देखिन्छ । भने देहायका लाभग्राहीको नामको रकम मंजुरीनामाको आधारमा अन्य व्यक्तिले बुझेर लगेको देखिएकोले सम्वन्धित व्यक्तिले पाए नपाएको एकिन हुन सकेन । रु | ३८२,५२५ |

| पद नाम | समानको विवरण | रकम |
|---|---|---|
| गा पा अध्यक्ष ओमप्रकास घर्ति | घोडा १ | १००००० |
| वडाध्यक्ष ८ नं वडा | ल्यापटप | ६८४९० |
| सव इन्जिनियर<br>आश्रय वोहोरा | ल्यापटप | ६८४९० |
| आ इ टि अफिसर विष्णु सुवेदी | लयापटप | ८२००० |
| शिवराम खड्का | ल्यापटप | ६८४९० |
| **जम्मा** | | ३८७४७० |

| भौचर नं | लाभग्राहिको नाम | रकम वुझ्ने | रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७६-२०७९।३।१९</td><td>वर बहादुर पुन</td><td>वडा नं २ सदश्य मनराज झाँक्री</td><td>४९१७५</td></tr>
<tr><td></td><td>जोखे रोक्का</td><td>वडा सचिव हिमाल कुमार सेन</td><td>४९१७५</td></tr>
<tr><td></td><td>रजमनी पुन</td><td>वडा सचिव हिमाल कुमार सेन</td><td>४९१७५</td></tr>
<tr><td>८०-२०७९।३।२०</td><td>नन्जराम कामी</td><td>अर्जुन सेन</td><td>४७०००</td></tr>
<tr><td></td><td>विर बहादुर कामी</td><td>अर्जुन सेन</td><td>४७०००</td></tr>
<tr><td></td><td>धाँट दमाई</td><td>अर्जुन सेन</td><td>४७०००</td></tr>
<tr><td></td><td>गज बहादुर सेन</td><td>अर्जुन सेन</td><td>४७०००</td></tr>
<tr><td></td><td>झकल सेन</td><td>अर्जुन सेन</td><td>४७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८२५२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>वढी भुक्तानीःसुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत देहायका लाभग्राहीलाई भौ नं १६ बाट रु ५० हजारका दरले भुक्तानी भई सकेपछि पुन भौचर नं १७ मिति २०७८।१०।१८ बाट प्रति व्यक्ति २४०००। का दरले भुक्तानी गरेको छ। यसरी संघिय सरकारको नितिगत निर्णय वेगर ति व्यक्तिहरुलाई भुक्तानी दिएको रकम सम्वन्धित बाट असुल गरि संघिय संचित कोष दाखिला हुनु पर्दछ । रु
<table>
<tr><th>सि नं</th><th>नाम थर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दोथी गुरुङ</td><td>२४०००</td></tr>
<tr><td>२</td><td>वलप्रसाद गुरुङ</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>धन बहादुर गुरुङ</td><td>२४०००</td></tr>
<tr><td>४</td><td>दिल बहादुर गुरुङ</td><td>२४०००</td></tr>
</table>
</td><td>१२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>उमेश गुरुङ</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
डिपिआर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी दिएकोमा हुकाम कृषि सडकको डिपि आर प्रतिवेदन ले प को क्रममा पेश भएन । प्राप्त प्रतिवेदन जिन्सी खातामा आम्दानी बाँधको समेत नदेखिएकोले पाम्समा आम्दानी बाँध्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा भएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><th>भौ नं</th><th>परामर्शदाता</th><th>कार्य विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>रासी मेचि ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१५ सैया अस्पतालको IEE</td><td>४९००००</td></tr>
<tr><td>३</td><td>रासि ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१५ सैया अस्पतालको DPR</td><td>१९६००००</td></tr>
<tr><td>४२</td><td>स्ट्रेन्थ ईन्जिनियरिङ कम्पनी</td><td>रिसल्ला एयरपोर्टको DPR</td><td>१९९१६२५</td></tr>
<tr><td>४३</td><td>स्ट्रेन्थ डेभलपर्स प्रा ली</td><td>प्रशासकिय भवनको DPR</td><td>१९९०९४७</td></tr>
<tr><td>४४</td><td>डि वि कन्सल्ट्याण्ट प्रा लि</td><td>डिमुरगैरा तातोपानी DPR</td><td>६९३९०५</td></tr>
<tr><td>११३</td><td>मुनस्टार ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>हुकाम पेल्मा कृषी सडक</td><td>१५२७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७९५९५७२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २८ | | | **वढी भुक्तानीः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७८। ७९ को लागि विभिन्न निर्माण कार्यको दर विश्लेषण तयार गरि पालिकाबाट डोजर एक्साभेटर लगायत ति हेभि मेशिन संचालन गर्ने अपरेटरहरुको दररेट प्रति घण्टा रु १३०। निर्धारण गरी स्विकृत गरेको छ । पालिकाले आफ्नो मेशिन प्रयोग गरी सडक निर्माण तथा मर्मत संभार गर्दा प्राविधिकबाट नापजाँच गरी नापी कितावमा चढाई स्विकृत दररेटको आधारमा हेभि मेशिन संचालन गर्ने अपरेटरको भत्ता भुक्तानी गर्नुपर्नेमा यो वर्ष अपरेटर श्री नविन कुमार रोक्कालाई स्विकृत दर अनुसार प्रति घण्टा रु १३०। का दरले भुक्तानी गर्नु पर्नेमा भौचर नं १३ मिति २०७८।९।१२ मा प्रति घण्टा रु ३५०। का दरले २६३.९४ घण्टाको भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु ५८०६६। असुल गर्नु पर्दछ । रु | ५८,०६६ |
| २९ | | | **उपभोक्ता समितिलाई वढी भुक्तानीः** झारलुङ कारीखोला जलविद्युत निर्माण तथा मर्मत कार्य गरे बापत सम्झौता बमोजिम उपभोक्ता समितिलाई भौचर नं १३८ मिति २०७९।३। १७ बाट रु ४८००००। भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल परिक्षण गर्दा उक्त जल विद्युत मर्मत कार्यको लागि उपभोक्ता समितिले २२ के भि इएलसि खरिद कार्यको लागि ३ वटा कोटेशन लिएको र सवभन्दा कम कवोल गर्ने ई टेक सोलुसन प्रा लि ले मु अ कर समेत रु ३६७८१५। मा जडान गरी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी जल विद्युत उत्पादनसंग सम्वन्धित मेशिनरी सामानको आपूर्ति तथा मर्मत सम्वन्धि जटिल कार्य उपभोक्ता समितिले गर्न नसक्ने हुंदा यस्ता कार्य उपभोक्ता समितिबाट गराउने कार्य मनासिव देखिएन । साथै उपभोक्ता समितिबाट उक्त २२ के भि इएरलसि रु ३६७८१५। मा खरिद गरेकोमा रु ४८००००। भुक्तानि गरेकोले विल भन्दा बढी भुक्तानी गरेको रु ११२१८५। असुल गर्नुपर्दछ । रु | ११२,१८५ |
| ३० | | | **हेभि इक्विप्मेन्टः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी निर्माण व्यवसायीबाट काम गराउने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>भौ नं</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>८</td><td>डिमुर गैरा खारावाङ अर्जल सडक निर्माण उ स</td><td>३३६००००</td></tr>
<tr><td>१७</td><td>चेवाङ खोला छारमा डांडा सडक निर्माण उ स</td><td>१९२०००</td></tr>
<tr><td>२७</td><td>नाखा जामावगर सडक निर्माण उ स</td><td>२२०८०००</td></tr>
<tr><td>६८</td><td>रोक्का डेरा कोरालवार पोखरी निर्माण उ स</td><td>१९२०००</td></tr>
<tr><td>७०</td><td>जाङ्ग धुर्वाङ चारगाउँ जोड्ने सडक</td><td>६७२०००</td></tr>
<tr><td>१०२</td><td>घट्टे खोला काफलदार सम्म सडक निर्माण उ स</td><td>३८४०००</td></tr>
<tr><td>११५</td><td>युवा तथा खेलकुद मैदान वाल निर्माण उ स</td><td>१४४०००</td></tr>
<tr><td>१२१</td><td>धुस्कुरखोला जलविद्युत आयोजना पोल खरिद उ स</td><td>१९२०००</td></tr>
</table>
साथै उपभोक्ता समिति मार्फतसंग सम्झौता भइ निर्माण सम्पन्न योजनाको उपभोक्ता समितिको खातामा भुक्तानी दिनु पर्नेमा चेवाङ खोला छारमा डांडा सडक, रोक्का डेरा कोरालवार पोखरी, युवा तथा खेल मैदान वाल निर्माण र पोल खरिद उपभोक्ता समितिको खातामा भुक्तानी नगरी उपभोक्ता समितिका अध्यक्षको नाममा चेक काटि भुक्तानी दिएको कार्य नियम संगत देखिएन ।</td><td></td></tr>
